# विनियोजन ऐन, २०७५

**स्वीकृत मिति : २०७५।३।२२**
**प्रमाणिकरण मिति : २०७५।३।२६**
**प्रकाशन मिति : २०७५।४।१**
**खण्ड : १**
**संख्या : ६**
**भाग : १**

**प्रस्तावना :**

सिद्धिचरण नगरपालिकाको आर्थिक बर्ष ०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनिययोजन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सिद्धिचरण नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यो ऐनको नाम “सिद्धिचरण नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ श्रावण १ गते देखि लागु हुनेछ ।

**२. आर्थिक बर्ष ०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष ०७५।०७६ को निमित्त अनुसूची १ बमोजिम नगर संचित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची २ को महल नं. ३ मा उल्लेखित निकाय/विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लेखित चलु खर्च, महल ५ मा उल्लेखित पूँजीगत खर्च र महल ६ मा उल्लेखित वित्तिय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लेखित जम्मा रकम रु. .........................।- (अक्षेरुपी रु. ..................................... मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७५।०७६ को निमित्त सिद्धिचरण नगरपालिकाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसुची २ बमोजिम विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपूग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपूग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यो विनियोजन विधेयक पेश हुनु भन्दा अगाडी संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरी सम्वन्धित निकायलाई निकासा दिएको र रकमान्तर भई कायम भएको रकम यसै ऐन बमोजिम विनियोजन भएको मानिनेछ ।

# अनुसूची १

## (दफा २ सँग सम्वन्धित)

## नेपालको संविधानको धारा २९९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिकाको सदस्यको पारिश्रमिक | | | | |
| ३ | | वडा समिति | | | | |
| ४ | | विषयगत समिति अन्य सुविधा | | | | |
| ५ | | नगरपालिका ईन्धन (पदाधिकारी) | | | | |
| | | **जम्मा रु.** | | | | |

## अनुसूची २

## (दफा ३ सँग सम्वन्धित)

## नेपालको संविधान बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु. .....

| क्र.सं. | शिर्षक | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | सामान्य प्रशासन शाखा | | | | |
| २ | | राजश्व तथा आर्थिक प्रशासन शाखा | | | | |
| ३ | | शहरी पूर्वाधार विकास शाखा | | | | |
| ४ | | आर्थिक विकास शाखा | | | | |
| ५ | | सामाजिक विकास शाखा | | | | |
| ६ | | वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा | | | | |
| ७ | | भूमि व्यवस्थापन तथा भवन नियमन शाखा | | | | |
| ८ | | न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन शाखा | | | | |
| ९ | | योजना, अनुगमन तथा तथ्यांक शाखा | | | | |
| १० | | वडा कार्यालयहरु तर्फ | | | | |
| ११ | | नगर मेयर कोष तर्फ | | | | |
| १२ | | कर्मचारी तलव/भत्ता तथा अन्य सुविधा तर्फ | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |
| **जम्मा रु.** | | | | | | |